# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ७ संख्या: ६ मितिः २०८१/१०/२०

# भाग-१

नेपालको संविधान बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको ऐन नं. ५**

# गौमुखी गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०८१

प्रस्तावना : गौमुखी गाउँपालिकाको शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,गौमुखी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "गौमुखी गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

(३) गाउँपालिकाले सञ्चालन गर्ने आधारभूत तहको अन्तिम परिक्षा र अन्य कक्षाको सिकाई उपलब्धी सम्बन्धी परीक्षालाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न देहायको एक आधारभूत तह परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ र सो समितिमा रहने मनोनित सदस्यहरुको पदावधि तिन बर्षको हुनेछ ।

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिका भित्र रहेका बिद्यालयको आधारभूत तहमा नियूक्त भई ५ बर्ष शिक्षण अनुभव प्राप्त कम्तिमा १जना महिला रहने गरी गाउँ शिक्षा समितिले मनोनित गरेका ४ जना - सदस्य

(ग) शिक्षा शाखामा कर्यरत कर्मचारीहरु मध्येबाट परिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(ङ) ५ बर्ष शिक्षण अनुभव प्राप्त शिक्षक उपलब्ध नभएमा बरिष्ठताको आधारमा मनोनित गरिनेछ ।

स्पष्टिकरण: यस उपदफाको प्रयोजनका लागि "परिक्षा समिति" भन्नाले आधारभूत तह परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउँछ । "

३. मूल ऐनमा दफा १५क. थपः मूल ऐनको दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"१५क. परिक्षा समन्वय समितिः (१) गाउँपालिकाले सञ्चालन गर्ने माध्यमिक तथा आधारभुत तहको अन्तिम परिक्षा र अन्य कक्षाको सिकाई उपलब्धी सम्बन्धी परीक्षा व्यवस्थित तथा समन्वय गर्नको लागि एक परीक्षा समन्वय समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) ईलाका प्रहरी कार्यालयका प्रमुख - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य सचिव"

४. मूल ऐनको दफा १५ को उपदफा (३)क थपः मूल ऐनको दफा १५ को उपदफा (३) पछि देहायको उपदफा (३)क थपिएको छः-

"(३)क. माध्यमिक तह परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिः (१) गाउँपालिकाले सञ्चालन गर्ने माध्यमिक तहको अन्तिम परिक्षा र अन्य कक्षाको सिकाई उपलब्धी सम्बन्धी परीक्षालाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न देहायको एक माध्यमिक तह परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ र सो समितिमा रहने मनोनित सदस्यहरुको पदावधि तिन बर्षको हुनेछ ।

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिका भित्र रहेका बिद्यालयको माध्यमिक तहमा नियूक्त भई ५ बर्ष शिक्षण अनुभव प्राप्त कम्तिमा १ जना महिला रहने गरी गाउँ शिक्षा समितिले मनोनित गरेका ४ जना - सदस्य

(ग) शिक्षा शाखामा कर्यरत कर्मचारीहरु मध्येबाट परिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(ङ) ५ बर्ष शिक्षण अनुभव प्राप्त शिक्षक उपलब्ध नभएमा बरिष्ठताको आधारमा मनोनित गरिनेछ ।

स्पष्टिकरणः यस उपदफाको प्रयोजनका लागि "परिक्षा समिति" भन्नाले माध्यामिक तह परिक्षा सञ्चालन तथा व्यवस्थापन समितिलाई जनाउँछ । "

५. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को उपदफा (१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

(ग) स्थानीय शिक्षा प्रेमी, शिक्षाविद् वा समाजसेवीहरु मध्येबाट अभिभावक भेलाले अनुमोदन गरेको १ जना - सदस्य

६. मूल ऐनको दफा २१ मा संशोधन: मूल ऐनको दफा २१ को उपदफा (१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

(क) विद्यालयको अभिभावक भेलाले अभिभावक मध्येबाट छनौट गरेको व्यक्ति - अध्यक्ष

प्रमाणीकरण भएको मितिः २०८१।१०।२०

आज्ञाले,
तुल्सीराम पौडेल
गौमुखी गाउँपालिकाको
प्रमुख प्रशासकीय अधिकृत